# कालिका नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ६, संख्या: ७, २०८० साल साउन महिना ४ गते बुधबार**

## भाग-२

## कालिका नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**रेडक्रस ग्राम, चितवन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कालिका नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# विद्यालय शिक्षक तथा कर्मचारीको काज सरुवा सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावना:** नेपालको संविधान २०७२ को अनुसुची ८ अन्तर्गत स्थानीय तहको एकल अधिकार सूचीको को बुँदा नं ८ मा आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको रहेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को देहाय (ज)ले नगरपालिकालाई दिएको अधिकार तथा कार्य जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको अन्तर विद्यालय काज सरुवा, काज तथा कामकाज सरुवालाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

कालिका नगर शिक्षा ऐन, २०७५ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी कालिका नगर कार्यपालिकाले यो मापदण्ड बनाइएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम “विद्यालय शिक्षक तथा कर्मचारीको काज सरुवा सम्बन्धी मापदण्ड, २०८०“ रहेको छ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “ऐन” भन्नाले कालिका नगरपालिकाको शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ख) “काज सरूवा वा सरूवा" भन्नाले नगरपालिका भित्रको अन्तर विद्यालय काज सरुवा, काज तथा कामकाज सरुवा लाई सम्झनुपर्छ।

(ग) “कार्यालय” भन्नाले कालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(घ) “नगरपालिका“ भन्नाले कालिका नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) “नगर कार्यपालिका“ भन्नाले कालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(च) “विद्यालय” भन्नाले कालिका नगरपालिका भित्रका सामुदायिक विद्यालयलाई सम्झनुपर्छ।

(छ) “विद्यालय कर्मचारी” भन्नाले सामुदायिक विद्यालयहरूमा दरवन्दीमा कार्यरत लेखा तथा प्रशासन सम्बन्धी कामलाई सम्झनुपर्छ।

(ज) “शिक्षक” भन्नाले नगरभित्रका सामुदायिक विद्यालयमा स्थायी वा अस्थायी वा राहत वा अनुदान वा करार शिक्षक दरवन्दीमा कार्यरत शिक्षकलाई सम्झनु पर्छ।

(झ) “शिक्षा नियमावली" भन्नाले शिक्षा नियवाली, २०५९ लाई सम्झनु पर्छ।

(ञ) “समिति" भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## काज सरुवा सम्बन्धी व्यवस्था

३. **काज सरूवा गर्न सकिनेः** (१) नगर भित्रका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको नगरपालिका वा अन्तर विद्यालय समान तह तथा सम्भव भएसम्म विषय मिल्ने दरबन्दीमा नगर शिक्षा समितिको सिफारिसमा कार्यालयले स्थायी, अस्थायी, राहत, अनुदान, करार शिक्षक दरवन्दीका शिक्षक तथा दरवन्दीमा रहेका विद्यालय कर्मचारीको काज सरुवा गर्न सक्नेछ।

(२) काज सरुवा गर्दा शैक्षिक सत्रको शुरू महिनामा गर्नु पर्नेछ। तर, नगर शिक्षा समितिले आवश्यकता महसुस गरी सिफारिस गरेमा आवश्यकता अनुसार अन्य समयमा समेत सरुवा गर्न सकिनेछ।

(४) यस मापदण्ड बमोजिम काज सरूवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ।

४. **सरूवा गर्ने आधार तथा मापदण्डः** देहायको आधार र अवस्थामा दफा ३ बमोजिम सरूवा गरिनेछः

(क) एउटा विद्यालयमा आवश्यकताभन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ख) दरबन्दी मिलान गर्ने काममा तोकिएको मापदण्डभन्दा बढी शिक्षक भएमा,

(ग) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा गाउँपालिकाको विपद व्यवस्थापन समितिले सिफारिस गरेमा,

(घ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा,

(ङ) कुनै विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी वढी हुन गएको देखिई उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(च) समान तह र विषय मिल्ने दुई विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले विद्यालय व्यवस्थापन समितिको सहमति सहित आपसी काज सरूवा गर्न चाहेमा,

(छ) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा काज सरुवा गरिने छैन।

(ज) शिक्षकको काज सरुवा गर्दा लामो अवधि एक विद्यालयमा बसेका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ।

(झ) सरूवा गर्दा विद्यालय व्यवस्थापन समितिसँग समन्वय तथा जानकारी गराईनेछ।

(ञ) एउटै विद्यालयमा ५ शैक्षिक सत्र पूरा गरेका शिक्षकहरूको एक विद्यालयबाट अर्को विद्यालयमा आवश्यकता र औचित्यताको आधारमा नगर शिक्षा समितिको निर्णयको आधारमा शिक्षकको काज सरुवा गर्न सकिने छ।

(ट) विद्यालयमा तोकिएको विद्यार्थी संख्या नभएका वालविकास केन्द्रका सहयोगी कार्यकर्ता र राहत अनुदानमा नियुक्त शिक्षकलाई पनि आवश्यकता र औचित्यताको आधारमा अन्य विद्यालयमा कामकाजका लागि खटाउन सकिने छ।

५. **रमाना तथा बरबुझारथः** (१) यस मापदण्ड बमोजिम काज सरूवा भएको १५ (पन्ध्र) दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा विद्यालय कर्मचारीलाई शिक्षा नियमावलीको अनुसूची-१३ को ढाँचामा रमाना पत्र दिई हाजिर हुन

पठाउनु पर्नेछ । सरूवा भएका शिक्षक/कर्मचारीले समेत तोकिएको समयमा रमाना लिई हाजिर हुन जानु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रमाना दिएको र हाजिर गराएको जानकारी सम्बन्धित विद्यालय र नगरपालिका सम्बन्धित विद्यालय दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम रमाना नदिने वा हाजिर नगराउने वा रमाना नबुझ्ने प्रधानाध्यापक वा शिक्षक वा कर्मचारीलाई नगरपालिकाले स्पष्टीकरण सोधी समितिको सिफारिस बमोजिम नियमानुसार विभागीय कारवाही गर्न सक्नेछ।

## परिच्छेद-३
## विविध

६. **बाधा अड्चन फुकाउः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा वा अड्चन आएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्तो बाधा वा अड्चन फुकाउन सक्नेछ।

७. **प्रचलित कानून बमोजिम हुने**ः यस मापदण्डमा लेखिए बमोजिमका प्रावधानहरू संघीय तथा प्रदेश कानूनसँग बाझिएको खण्डमा संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ।

आज्ञाले,
केशव प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत